# प्रदेश राजपत्र

प्रदेश नं. दुई, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४) जनकपुरधाम, कार्तिक ४ गते,२०७७ साल (अतिरिक्ताङ्क ४(ख)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्वत् २०७७ साल ऐन नं ११

**प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावनाः** निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्धजन्य पदार्थ उत्पादन, प्रशोधन तथा बजारीकरण मार्फत दिगो

आर्थिक सम्बृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश दुग्ध विकास बोर्ड (स्थापना र सञ्चालन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा ११ बमोजिमको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "निर्देशक" भन्नाले दफा १३ बमोजिमको निर्देशक सम्झनुपर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. दुई सम्झनुपर्छ ।

(च) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश दुग्ध विकास बोर्ड सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ज) "मन्त्री" भन्नाले मन्त्रालयको मन्त्री सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले दफा ५ बमोजिमको बोर्डको सदस्य सम्झनुपर्छ । र सो

शब्दले बोर्डको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ञ) "सचिब" भन्नाले मन्त्रालयको सचिब सम्झनुपर्छ ।

(ट) "समिति" भन्नाले दफा ८ बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

३. **<u>बोर्डको स्थापनाः</u>** (१) प्रदेश स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण तथा योजना तर्जुमा र कार्यान्वयन गरी समग्र दुग्ध क्षेत्रको विकास गर्न प्रदेश दुग्ध विकास बोर्डको स्थापना गरीएको छ ।

(२) बोर्डको कार्यालय प्रदेशको राजधानीमा रहनेछ।

४. **<u>बोर्ड संगठित संस्था हुनेः</u>** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारवाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न सक्नेछ ।

५. **<u>बोर्डको गठनः</u>** (१) बोर्डको गठन देहाय बमोजिमको हुनेछ;-

(क) मन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) सचिव - सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, केन्द्रीय दुग्ध सहकारी संघको एक जना - सदस्य

(च) सार्वजनिक-निजी साझेदारीमा सञ्चालित दुग्धजन्य पशुपालन फर्मका संचालक मध्येबाट बोर्डले मनोनित गरेका कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(छ) प्रतिनिधि, बोर्डले मनोनयन गरेको किसान एक जना - सदस्य

(ज) प्रतिनिधि, डेरी एसोसिएसन वा डेरी उद्योग संघ बाट एक जना- सदस्य

(झ) प्रतिनिधि, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण प्रादेशिक कार्यालयबाट एक जना - सदस्य

(ञ) प्रतिनिधि, डेरी फर्म संघ नेपालबाट एक जना - सदस्य

(ट) निर्देशक, प्रदेश दुग्ध विकास बोर्ड - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्ने छन् ।

(३) बोर्डले आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. **बोर्डको बैठकः** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बोर्डको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(३) बोर्डको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बोर्डको एक तिहाई सदस्यहरुले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउनु पर्नेछ ।

(५) बोर्डको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) बोर्डको निर्णय उपाध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरीनेछ ।

(९) बैठक सम्बन्धी अन्य व्यवस्था बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) स्थानीय सरकारसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा उत्पादित दुग्धजन्य पदार्थ शहरी क्षेत्रमा पुऱ्याउने सहज वातावरण सृजना गर्ने,

(ख) दुग्ध व्यवसाय प्रवर्द्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने,

(ग) उन्नत पशु नश्ल सुधार केन्द्र, दाना कारखाना, दुग्धजन्य ठूला पशु विकास फार्म, धुलो दुग्ध कारखाना, दुग्ध उद्योग, प्राङ्गारिक प्रशोधित मल उद्योग, बायो ग्याँस उद्योग, आधुनिक श्रोत केन्द्र सार्वजनिक-निजी-सहकारी साझेदारी लगानीमा स्थापना तथा प्रवर्द्धन गर्ने,

(घ) दुग्धजन्य पशुपालन तथा उद्योगको विकासका लागि नियमानुसार स्वदेशी तथा विदेशी सहायता, अनुदान एवं ऋण प्राप्त गर्ने,

(ङ) दुग्धजन्य पशुपालन, दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ता हितको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(च) प्रदेश सरकारको समन्वयमा समग्र दुग्ध क्षेत्रको विकास एवं विस्तारका लागि सार्वजनिक, निजी तथा सहकारी दुग्ध उद्योगलाई बोर्डमा सूचिकृत गरी प्रत्येक उद्योगले बिक्री गरेको प्रति लिटर दुधमा सेवा शुल्क लिई “दुग्ध विकास कोष” स्थापना गर्ने,

(छ) उन्नत जातका दुधालु पशु खरिद गर्न कृषकलाई सरल रुपमा सहुलियत ऋण बैंक मार्फत उपलब्ध गराउने,

(ज) सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा सहकारी संस्थाले संचालन गर्ने दुग्ध विकास सम्बन्धी कार्यक्रमको समन्वय गर्ने,

(झ) दुध तथा दुग्धजन्य पदार्थको गुणस्तर नियन्त्रण गर्नको लागि अत्याधुनिक प्रयोगशाला स्थापना गरी संचालन गर्ने,

(ञ) उत्पादित कच्चा दुधको खरिद मूल्य र प्रशोधित दुध तथा दुग्धजन्य पदार्थको बिक्री मूल्य समयानुकुल समायोजन गर्ने,

(ट) डेरी उद्योगको कार्यक्रम तथा गुणस्तर अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण एवं निर्देशन दिने,

(ठ) डेरी उद्योगको विकास गरी चिज लगायत बाख्राको दुग्धजन्य उत्पादन व्यवसाय प्रवर्द्धन गर्ने,

(ड) प्रदेश दुग्ध नीति बनाई प्रदेश सरकार समक्ष प्रस्तुत गर्ने,

(ढ) अन्य आवश्यक कार्य गर्ने ।

८. **समिति गठन गर्न सक्नेः** (१) बोर्डले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि बोर्डले तोके बमोजिम हुनेछ ।

९. **बोर्डको कोषः** (१) बोर्डको कार्य संचालनको लागि एउटा छुट्टै कोष रहने छ। उक्त कोषमा देहायका रकमहरु रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने रकम,

(ग) दुग्ध उद्योग सम्बन्धी अनुसन्धान कार्य वा परामर्श सेवा उपलव्ध गरे गराए बापत प्राप्त हुने रकम,

(घ) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान, दातव्य वा उपहार,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) बोर्डलाई प्राप्त हुने सबै रकम प्रदेशभित्रको कुनै "क" बर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गरीनेछ ।

(४) बोर्डको खर्च उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ ।

१०. **दुग्ध विकास कोषः** (१) बोर्डले दुग्ध उद्योग, दुग्धजन्य पशुपालन फार्म, सहकारी फार्म र सार्वजनिक-निजी सहकारी साझेदारी फार्म र दुग्ध उद्योगलाई सुलभ तरिकाबाट ऋण र

अनुदान प्रदान गर्नको लागि एउटा छुट्टै दुग्ध विकास कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) दफा ७ को खण्ड (च) बमोजिमको सेवा शुल्क,

(ख) बोर्डले उपलव्ध गराएको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) दुग्ध विकास कोषको रकम छुट्टै खातामा राख्नु पर्नेछ ।

(४) दुग्ध विकास कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११. **<u>उपाध्यक्ष</u>ः** (१) बोर्डको कार्यकारी प्रमुखको रुपमा एकजना उपाध्यक्ष रहनेछ ।

(२) मन्त्रालयबाट गठन भएको छनौट समितिले सिफारिस गरेका व्यक्तिमध्येबाट मन्त्रालयले उपाध्यक्ष पदमा एकजना नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको छनौट समिति तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको छनौट समितिले देहाय बमोजिम योग्यता भएका व्यक्तिहरु मध्येबाट तीन जनाको नाम सिफारिश गर्नेछः-

(क) सम्बन्धित क्षेत्रमा कम्तिमा दश बर्षको कार्य अनुभव भएको,

(ख) सम्बन्धित बिषयमा कम्तिमा स्नातक उपाधी हासिल गरेको,

(ग) पैंतिस बर्ष उमेर पुरा भएको ।

(५) उपाध्यक्षको पदावधि चार बर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनः नियुक्ति हुन सक्नेछ ।

(६) उपाध्यक्षले बोर्डको अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेमा मन्त्रालयले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई सुनुवाईको अवसरबाट वञ्चित गरीने छैन ।

(७) उपाध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा प्रदेश सचिवले पाए सरह हुनेछ ।

१२. **<u>उपाध्यक्षको काम, कर्तब्य र अधिकारः</u>** उपाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

**(क)** बोर्डको योजना, कार्यक्रम तथा बजेट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

**(ख)** योजना तथा वार्षिक कार्यक्रम तयार गर्ने,

**(ग)** बोर्डको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने,

**(घ)** बोर्डको लागि आवश्यक अन्य कार्य गर्ने गराउने,

**(ङ)** स्वीकृत बजेट रकम निकासा दिने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. **<u>निर्देशकः</u>** (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने गरी प्रदेश सरकारको सम्बन्धित सेवाको कम्तिमा अधिकृत

नवौं तहको कुनै अधिकृतलाई निर्देशकको पदमा काम गर्ने गरी तोक्नेछ ।

(२) कार्यकारी निर्देशक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। ।

१४. **निर्देशकको काम,कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको योजना, कार्यक्रम, बजेट तयार गरी पेश गर्ने,

(ख) निर्णयको कार्यान्वयन गर्ने,

(ग) वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(घ) कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. **बोर्डको कर्मचारीः** (१) बोर्डको कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ ।

(२) कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **विशेषज्ञ सम्बन्धी व्यवस्थाः** (१) बोर्डले आवश्यक देखेमा दुईजना सम्म एक पटकमा तीन महिना सम्मको लागि विषय विशेषज्ञ वा विज्ञ  नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त विशेषज्ञ वा विज्ञले गर्ने काम, पारिश्रमिक सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था करारनामामा उल्लेख भए वमोजिम हुनेछ।

१७. **लेखा र लेखा परीक्षणः** (१) प्रदेश सरकारले तोके बमोजिम बोर्डको लेखा राखिनेछ ।

(२) बोर्डको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१८. **अधिकार प्रत्यायोजनः** बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै सदस्य वा दफा ८ बमोजिम गठन भएको समिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकार समक्ष पेश गरी सके पछी बोर्डले वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२०. **बैठक भत्ताः** सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

२१. **निर्देशन दिन सक्नेः** प्रदेश सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

२२. **प्रदेश सरकारसँग सम्पर्कः** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. **बोर्डको विघटनः** (१) कुनै मनासिव कारणबाट बोर्ड विघटन गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व प्रदेश सरकारमा सर्नेछ ।

२४. **विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले प्रदेश सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाउने विनियममा प्रदेश सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा बोर्डले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विनियम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

प्रमाणीकरण मितिः- २०७७/०७/०४

**आज्ञाले,**
**वीरेन्द्र कुमार यादव**
**प्रदेश सरकारको सचिव**